# जिल्ला समन्वय समितिको कार्यालय
# रोल्पा

## शोक तथा समवेदना वक्तव्य

हालै **pre**-मनसुनका कारण देशभर आएको वर्षात, हावाहुरी तथा चटयाङका कारण रोल्पा जिल्लाका गाउँ/नगरपालिकाका विभिन्न स्थानमा केही व्यक्तिहरूले ज्यान गुमाउनु परेको दुःखद खबरले हामी अत्यन्त मर्माहत भएका छौं। यस अकल्पनीय घटनामा परी ज्यान गुमाउने सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, घाइते भएका सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

यस प्रकारका प्राकृतिक विपद्का घटनाले मानव जीवनमा गम्भीर असर पार्ने हुँदा सबै नागरिकहरूलाई सतर्क रहन हार्दिक अनुरोध गर्दछौं। विशेषगरी वर्षात् तथा मनसुनको मौसम सुरु हुन लागेको सन्दर्भमा चटयाङ, बाढी, पहिरो लगायतका मनसुनजन्य विपद् जोखिमबाट बच्न आवश्यक सावधानी अपनाउन अनुरोध गरिन्छ।

चटयाङबाट बच्न सुरक्षित स्थानमा बस्ने, खुला स्थान, अग्ला रुख तथा बिजुलीका पोल नजिक नबस्ने, मौसम पूर्वानुमानको जानकारी लिने जस्ता उपायहरू अपनाउनु अत्यन्त जरुरी छ। त्यस्तै, बाढी तथा पहिरोको जोखिम भएका क्षेत्रमा बसोबास गर्ने नागरिकहरूले समयमै सुरक्षित स्थानतर्फ सर्ने, सतर्कता अपनाउने र स्थानीय निकाय तथा सुरक्षाकर्मीहरूसँग समन्वय गर्ने कार्यमा जोड दिनुहुन अनुरोध गर्दछौं।

यस दुःखद घडीमा सबै सरोकारवाला निकाय, स्थानीय तह, सुरक्षा निकाय, सामाजिक संघसंस्था तथा सम्पूर्ण नागरिकहरूलाई विपद् व्यवस्थापन, उद्धार तथा राहत कार्यमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्न हार्दिक अपिल गर्दछौं।

मिति २०८२/१२/०८

सीता आचार्य
प्रमुख
जिल्ला समन्वय समिति, रोल्पा तथा सम्पूर्ण
जिल्ला समन्वय समिति परिवार।